# मस्यौदा
# प्रेस काउन्सिल ऐन, २०७५

<u>प्रस्तावना</u> : पत्रकारिता पेशालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं अझ बढी विश्वसनीय बनाउन, व्यक्ति, सरकार तथा आमसञ्चार माध्यमबीच सौहार्द्रपूर्ण रुपमा सहजकर्ताको भूमिका निर्वाह गर्न, उच्चतम पेशागत आचरण कायम राख्दै स्वस्थ, स्वच्छ र स्वतन्त्र रुपमा पत्रकारिताको विकास, संरक्षण तथा सम्बर्द्धन गर्नका लागि एक स्वतन्त्र नियामक निकायको रुपमा प्रेस काउन्सिलको स्थापना र कार्य सञ्चालनका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा ... को उपधारा .... बमोजिम संघीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद - १

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "प्रेस काउन्सिल ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "काउन्सिल' भन्नाले दफा ३ बमोजिम गठित प्रेस काउन्सिल सम्झनु पर्छ ।

(ख) "सदस्य" भन्नाले काउन्सिलको सदस्य सम्झनु पर्छ र सो शब्दले काउन्सिलको अध्यक्षसमेतलाई जनाउँछ ।

(ग) "समिति" वा "उपसमिति" भन्नाले परिच्छेद -४ बमोजिम गठित समिति वा उपसमितिलाई बुझाउँछ ।

(घ) "सदस्य सचिव" भन्नाले दफा १० बमोजिम नियुक्त बोर्डको सचिव सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(च) "विद्युतीय प्रशारण तथा अनलाइन पत्रकारिता" भन्नाले विद्युतीय अनलाइन सेवाअन्तर्गत आउने समाचार, लेख, अन्तर्वार्ता, टिप्पणी, श्रव्यदृश्य, सम्पादकीय, चलचित्र, लघु चलचित्र, वृत्तचित्रसमेतका समाचार सामग्री सम्झनु पर्छ ।

(छ) "छापा पत्रकारिता" भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिकालाई समेत सम्झनु पर्छ ।

(ज) "साहित्यिक पत्रकारिता" भन्नाले बिभिन्न साहित्यिक गतिविधि, समाचार तथा साहित्यिक सामग्री समेटी सम्प्रेषित कार्यलाई सम्झनु पर्छ ।

(झ) "विज्ञापन" भन्नाले पत्रपत्रिका, होर्डिङ बोर्ड तथा विद्युतीय माध्यमबाट प्रकाशित तथा प्रसारित सबै प्रकारका सन्देश सम्झनु पर्छ ।

ञ) "अनलाइन सञ्चार माध्यम" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गर्दै इन्टरनेटको माध्यमबाट संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत, संगीत, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग मार्फत सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ ।

ट) "समाचार समिति" भन्नाले व्यापारिक वा सेवाको उद्देश्यसहित समाचार संकलन, उत्पादन, प्रशोधन, प्रसारण प्रयोजनका साथ गठित संस्था सम्झनु पर्छ ।

## परिच्छेद -२

## काउन्सिलको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. काउन्सिलको स्थापना : (१) स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि नियमनकारी भूमिका निर्वाह गर्न एक प्रेस काउन्सिलको स्थापना गरिएको छ ।

(२) नेपाल सरकारले देहायका व्यक्तिहरु अध्यक्ष र सदस्य रहने गरी काउन्सिलको गठन गर्नेछः

(क) सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेका, वरिष्ठ अधिवक्ता वा पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति मध्येबाट कम्तिमा ४५ वर्ष उमेर पुगेका ........... अध्यक्ष

ख) प्रतिनिधिसभाका सदस्यहरुमध्येबाट सभामुखद्वारा मनोनित एक ........................ सदस्य

ग) राष्ट्रियसभा सदस्यहरुमध्येबाट अध्यक्षद्वारा मनोनित एक .............................. सदस्य

घ) नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधिको रुपमा प्रेस रजिष्ट्रार एक ........................................................................................ सदस्य

***स्पष्टीकरण*** *: खण्ड (ख) र (ग) बमोजिमको सदस्य सभामुख र अध्यक्षले मनोनित गर्दा पत्रकारिता क्षेत्रमा अनुभव प्राप्त रहेछन् भने तिनलाई प्राथमिकता दिनुपर्नेछ । प्रतिनिधिसभा तथा राष्ट्रियसभाबाट प्रेस काउन्सिलमा प्रतिनिधित्व गराउँदा फरक फरक राजनीतिक दलबाट प्रतिनिधित्व गराउनुपर्नेछ ।*

(ङ) नेपाल पत्रकार महासंघका अध्यक्ष वा तोकिएको प्रतिनिधि ........................ पदेन सदस्य

(च) छापामाध्यमको प्रतिनिधित्व :

(१) सम्पादकहरु मध्येबाट एकजना.................................................... सदस्य

२) श्रमजीवी पत्रकारमध्येबाट एकजना...................................................... सदस्य

(३) साना लगानीका पत्रपत्रिकाको तर्फबाट स्वरोजगार पत्रकारितामा संलग्नमध्ये १ जना सदस्य

(छ) रेडियो, टिभी र अनलाइनबाट एक/एक जना गरी तीन जना ............................ सदस्य

ज) कानुन, न्याय, प्राज्ञिक र पत्रकारिता शिक्षा क्षेत्रमा समेत क्रियाशीलमध्येबाट एकजना .सदस्य

(झ) साहित्यिक पत्रिकाका सम्पादक/प्रकाशकमध्येबाट नेपाल साहित्यिक पत्रकार संघको सिफारिशमा कम्तिमा १५ वर्ष अनुभवप्राप्त एक जना....................................... सदस्य

(२) अध्यक्षको नियुक्ति उपदफा ३ बमोजिम सिफारिश समितिको सिफारिशमा नेपाल सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिश समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रतिनिधिसभाका सभामुख वा संसदीय विषयगत समितिका सभापति | -संयोजक |
| (ख) | संघीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | -सदस्य |
| (ग) | वरिष्ठ पत्रकारहरुमध्येबाट नेपाल सरकारले तोकेका व्यक्ति एकजना | -सदस्य |

(४) नेपाल सरकारले काउन्सिलका सदस्यको नियुक्त गर्दा समावेशी सिद्धान्तको पालना र सबै प्रदेशको प्रतिनिधित्व हुनेगरी गर्नेछ।

(५) अध्यक्ष वा सदस्य नियुक्त व्यक्तिले काउन्सिलका सिद्धान्त र नीतिविपरीत हुनेगरी अन्यत्र पेशा वा गतिविधिमा संलग्न हुन पाउने छैन।

(६) काउन्सिलको अध्यक्ष र सदस्यको पदावधि पाँच वर्षको हुनेछ। सो पदमा थप एक कार्यकालका निम्ति नियुक्त हुन सक्नेछ। (मनोनित र पदेन सदस्यको हकमा सम्बन्धित संस्थामा पदावधि रहँदासम्म काउन्सिलमा निजको पदाधिकार रहनेछ)

(७) काउन्सिलमा नियुक्त अध्यक्षले प्रधानन्यायाधीशसमक्ष र सदस्यहरुले अध्यक्षसमक्ष तोकिएबमोजिम शपथ लिनुपर्नेछ।

(८) काउन्सिलका अध्यक्ष र सदस्यको योग्यता, सेवाका शर्त र सुविधा तोकिएबमोजिम हुनेछ।

४. <u>काउन्सिल स्वशासित स्वायत्त संस्था हुने</u>: (१) काउन्सिल एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित, स्वायत्त र संगठित संस्था हुनेछ।

(२) काउन्सिलका सबै काम कारबाहीको निमित्त छुट्टै छाप हुनेछ।

(३) काउन्सिलले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न , बेचबिखन गर्न वा आवश्यकताअनुसार अन्य व्यवस्था गर्न सक्नेछ ।

४) काउन्सिलले आफ्नो नामबाट नालिस र उजुर गर्न सक्नेछ ।

५. काउन्सिलका उद्देश्य : काउन्सिलका उद्देश्य देहायबमोजिम हुनेछन् :-

(क) प्रेस स्वतन्त्रताको रक्षा र प्रबर्द्धन गर्ने,

(ख) स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने,

(ग) स्वनियमन र स्वअनुगमनको अवधारणालाई आत्मसात गरी व्यवसायिक पत्रकारिताको प्रबर्द्धन गर्ने ।

६. काउन्सिलका काम, कर्तव्य र अधिकार: काउन्सिलका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

क) पेशागत शुद्धताको निम्ति पत्रकारितासम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने ।

(ख) आचारसंहिता उल्लंघन भए/नभएको अनुगमन गर्ने,

(ग) आचारसंहिता उल्लंघन भएको स्वअनुगमनबाट पाइएमा वा उल्लंघनसम्बन्धी उजुरी परेमा कारवाही गर्ने,

(घ) प्रेस र नेपाल सरकारबीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने ।

(ङ) छापा तथा विद्युतीय सञ्चारमाध्यमको अभिलेख अद्यावधिक राख्ने,

(च) सार्वजनिक र नागरिकको मर्यादा कायम राख्न लगाउने ।

(छ) प्रेस स्वतन्त्रता र छापा तथा बिद्युतीय पत्रकारिताको मर्यादा जोगाउन क्रियाशील रहने ।

(ज) छापा तथा बिद्युतीय एवं अन्य बिज्ञापन सञ्चारलाई ब्यवस्थित गर्ने ।

(झ) विदेशमा डोमेन रहेका सामाजिक सञ्जाल (फेसबुक, ट्वीटरलगायत) मार्फत् राष्ट्र, राष्ट्रियता, व्यक्ति, समुदाय, जात, धर्म, इज्जत, प्रतिष्ठामा आँच पुऱ्याउने प्रवृत्तिको अनुगमन गर्ने ।

(ञ) मूल पत्रकार आचारसंहिताको अधिनमा रही प्रत्येक सञ्चार माध्यम(संस्था) लाई आन्तरिक आचारसंहिता बनाउन प्रोत्साहित गर्ने ।

(ट) पत्रकार र पत्रकारिता पेशाको क्षमता विकास, संरक्षण र सम्वर्द्धनको निम्ति उपलब्ध श्रोत-साधनको अधिकतम सदुपयोग गर्ने ।

(ठ) छापा तथा विद्युतीय पत्रकारितासम्बन्धी नीति, अन्तर्राष्ट्रिय अनुभवलाई समय समयमा अवलोकन, अध्ययन अनुसन्धान गरी सम्बन्धित क्षेत्रको रायसल्लाह समेत लिएर नेपाल सरकारलाई सुझाव दिने,

(ड) पत्रकारिताको विकासका लागि ऐन, कानुन, नियमावली र समसामयिक कार्यविधिहरु तय गर्ने ।

(ढ) छापा तथा बिद्युतीय र अन्य माध्यमबाट प्रशारित हुने सन्देशमूलक सूचनासम्बन्धी कार्यबिधि तयार गर्ने, नियमन गर्ने ।

(ण) संघीय, प्रादेशिक र स्थानीय सरकार, मिडिया तथा सर्वसाधारणबीचको सम्बन्धलाई सौहार्द्र बनाउने, पत्रकारिता पेशालाई आवाजबिहीनहरुको आवाज बनाउन भूमिका निर्वाह गर्ने ।

(त) पत्रपत्रिका तथा विद्युतीय सञ्चारमाध्यमका गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्यांकनसहितको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने/आचारसंहितासम्बन्धी समसामयिक सामग्रीहरु नियमित प्रकाशन गर्ने ।

(थ) पत्रपत्रिकामा प्रकाशित तथा विद्युतीय सञ्चारमाध्यमबाट प्रसारित असामाजिक र आपत्तिजनक बिषयवस्तु तथा प्रकाशित/प्रसारित सामग्रीहरूको सम्बन्धमा छानबिन र कारबाही गर्ने ।

(द) पत्रकार तथा सञ्चारमाध्यमहरुलाई पुरस्कृत-प्रोत्साहित गर्ने, अग्रज पत्रकारहरुको सम्मान गर्ने ।

(ध) अनलाइनलगायत सबैखाले सञ्चारमाध्यमको अभिलेखीकरण गर्ने, सबैखाले समाचारमाध्यमलाई समान अवसर उपलब्ध गराउन वातावरण मिलाउने ।

(न) गम्भीररुपमा आचारसंहिता उल्लंघनमा अनुशासनको कारबाही गर्ने, प्रेस पास निलम्बन, सुविधा रोक्का गर्ने ।

(प) मान्यताप्राप्त शैक्षिक संस्थाबाट पत्रकारिता विषय उत्तीर्ण गर्नेलाई आचारसंहितासम्बन्धी योग्यता परीक्षा लिई प्रमाणपत्र दिने ।

फ) बीस वर्षसम्म पत्रकारितामा निरन्तर योगदानका आधारमा वरिष्ठ पत्रकारको उपाधि दिने ।

ब) योग्यतासम्बन्धी मापदण्ड तोकी पत्रकारहरुको अभिलेखीकरण तथा प्रेस पास वितरण र नवीकरण गर्ने ।

भ) हुबहु पत्रकारितालाई दुरुत्साहन गर्ने ।

८. काउन्सिलको बैठक र निर्णय : (१) अध्यक्षको निर्देशनमा सचिवले काउन्सिलको बैठक बोलाउनेछ ।

(२) काउन्सिलको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) विचाराधीन प्रत्येक विषयमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(४) काउन्सिलको निर्णय अध्यक्ष र सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) काउन्सिलको बैठकसम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

९. काउन्सिलको अध्यक्ष पद रिक्त रहेको अवस्थामा बैठक र निर्णय : (१) काउन्सिलको अध्यक्ष पद रिक्त रही नेपाल सरकार, मन्त्रिपरिषद्बाट नियुक्त भइनसकेको वा नियुक्त गरिएतापनि प्राविधिक

कारणबस बहाली हुन नसकेको अवस्थामा सदस्यहरुको सर्वसम्मति वा बहुमतीय निर्णयबाट कार्यवाहक अध्यक्ष मनोनयन गरी बैठक सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम मनोनित अध्यक्षले अर्को व्यवस्था नभएसम्म कार्यवाहक अध्यक्षको हैसियतमा बैठक बोलाउन या काउन्सिलको सम्पूर्ण कामकारवाही सञ्चालन गर्नसक्नेछ ।

परिच्छेद -३

काउन्सिलको सचिवालय तथा कार्य सञ्चालन सम्बन्धी व्यवस्था

१०. काउन्सिलको सचिवालय तथा कार्यालय: (१) काउन्सिलको एउटा छुट्टै सचिवालय हुनेछ ।

(२) काउन्सिलले आवश्यकताअनुसार विभिन्न प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्न सक्नेछ ।

(३) काउन्सिलको सचिवालयमा आवश्यकताअनुसार कर्मचारीहरु रहनेछन् ।

(४) काउन्सिलका प्रादेशिक कार्यालयहरुमा १ (एक) जना अधिकृतसहित आवश्यक कर्मचारी खटाइनेछ ।

(५) काउन्सिलको सचिवालयमा कार्यरत बरिष्ठतम प्रशासक बोर्डको सचिवको रुपमा रहनेछ ।

११. समिति वा उपसमिति : (१) काउन्सिलले आफ्नो कार्य सम्पादन गर्नका लागि आवश्यकताअनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि काउन्सिलले तोकेबमोजिम हुनेछ ।

१२. पत्रपत्रिका वितरण सम्परीक्षण समिति :

(१) नेपाल सरकारले काउन्सिलको परामर्श लिई एक पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन् : -

| | | |
|---|---|---|
| (क) | प्रेस रजिस्ट्रार | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, प्रेस काउन्सिल | -सदस्य |
| (घ) | लेखापरीक्षण संघ, विज्ञापन संघ वा एजेन्सी तथा व्यापारिक वा औद्योगिक संस्थाबाट एक/एकजनाका दरले नेपाल सरकारद्वारा मनोनित तीनजना व्यक्ति | -सदस्य |

(३) काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ ।

(४) उप-दफा (२) को खण्ड (ग) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

**१३. पत्रपत्रिका वितरण सम्परीक्षण समितिको काम, कर्तव्य र अधिकार : (१) पत्रपत्रिका वितरण सम्परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–**

(क) पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन संख्या निर्धारण गर्ने र त्यसको अद्यावधिक अभिलेख राख्ने

(ख) पत्रपत्रिकाको प्रकाशन संख्यासमेतको आधारमा वर्गीकरण गर्ने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१४. विद्युतीय सञ्चारमाध्यम सम्परीक्षण समिति गठन : (१) विद्युतीय सञ्चारमाध्यम संपरीक्षणको निमित्त देहायबमोजिमको समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | विद्युतीय पत्रकारिता क्षेत्र हेर्ने काउन्सिलको सदस्य | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | -सदस्य |
| (ग) | विद्युतीय सञ्चारमाध्यमसम्बन्धी संस्थाबाट काउन्सिलद्वारा मनोनित (कम्तीमा एकजना महिलासहित) ३ जना | -सदस्य |

(२) काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ ।

(३) खण्ड (ग) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

१५. **विद्युतीय संपरीक्षण समितिको काम, कर्तव्य र अधिकार : विद्युतीय संपरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(१) विद्युतीय सञ्चारमाध्यमको अद्यावधिक अभिलेख राख्ने, र

(२) प्रकाशन/प्रशारणको पहुँच संख्या, गुणस्तर, सामग्रीहरुको प्रभावका आधारमा बर्गीकरण गर्ने ।

(३) उपदफा (१ र २) मा लेखिएदेखि बाहेक समितिको अन्य काम, कर्तव्य, अधिकार र वर्गीकरण सम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -५

## पत्रकारको मापदण्डसम्बन्धी व्यवस्था

१६. पत्रकारको मापदण्डसम्बन्धी व्यवस्था :

(१) काउन्सिलले पत्रकार र सञ्चारमाध्यमहरुको अभिलेख अद्यावधिक गरी राख्नेछ ।

(२) काउन्सिलले पत्रकारको योग्यतासम्बन्धी मापदण्ड तोकी परिचयपत्र वितरण गर्नेछ ।

(३) काउन्सिलले वरिष्ठ पत्रकारसम्बन्धी मापदण्ड तोकी उपाधि दिने ।

परिच्छेद -६

## काउन्सिलको कोष तथा लेखा परीक्षण

१७. काउन्सिलको कोष : (१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ, जसमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त वार्षिक बजेट,

(ख) विदेशी सरकार वा संघसंस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) उपदफा (१) बमोजिमको कोषमा वर्गीकरण गरेवापत सञ्चार माध्यमबाट प्राप्त लेबी रकम र सेवा शुल्क जम्मा गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम अनुदान वा सहायता प्राप्त गर्नुअघि काउन्सिलले नेपाल सरकारलाई जानकारी दिनुपर्नेछ ।

(४) काउन्सिलको कोष सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१८. लेखा र लेखापरीक्षण : (१) काउन्सिलको आर्थिक हिसाब किताबको विवरण लेखा शाखाले राख्नेछ ।

(२) काउन्सिलको लेखा प्रणाली दोहोरो स्रेस्ता प्रणालीअनुसार हुनेछ ।

(३) आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गरी सक्नु पर्नेछ

(४) आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराई सक्नु पर्नेछ ।

परिच्छेद -७

## नियमनसम्बन्धी व्यवस्था

१९. निर्देशन जारी गर्नसक्ने : (१) प्रेस काउन्सिलले छापा तथा बिद्युतीय पत्रकारिता र बिज्ञापन एजेन्सीहरुलाई राष्ट्रिय विपत्तीको बेला, लोकहित र पेशागत शुद्धताको निम्ति आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी निर्देशन पालना गर्नु सबैखाले सञ्चारमाध्यमको अनिवार्य दायित्व र कर्तव्य हुनेछ ।

(३) प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको अनुकूल हुने गरी सञ्चारमाध्यमले आफ्नालागि आन्तरिक आचारसंहिता बनाई सोको स्वनिगमन गर्नुपर्नेछ । सो नियमनको प्रतिवेदन काउन्सिलमा पेश गर्नुपर्नेछ । आन्तरिक आचारसंहिता पालना भए/नभएको प्रेस काउन्सिल नेपालले अनुगमन गर्न सक्नेछ ।

२०. आचारसंहिता बनाई लागू गर्ने : (१) प्रेस काउन्सिलले आफ्नो प्रमुख कर्तव्यको रुपमा बिद्युतीय तथा छापा पत्रकारिता एवं बिज्ञापनसम्बन्धी आचारसंहिता बनाई लागू गर्नेछ ।

(२) काउन्सिलले लागू गरेका आचारसंहिताको सम्मान र कार्यान्वयन गर्नु सबैको समान कर्तब्य हुनेछ ।

२१. <u>अनुगमन, उजुरी र कारबाही</u> : (१) कुनै सञ्चारमाध्यम र पत्रकारले व्यवसायिक आचारसंहिता उल्लंघन गरेमा कुनै व्यक्ति वा संस्थाले काउन्सिलमा लिखित वा विद्युतीय प्रक्रियाबाट उजुरी दिन सक्नेछ । स्वअनुगमन विधिबाट समेत काउन्सिलले तत्काल कारबाही प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उजुरी परेमा काउन्सिलले आवश्यक जाँचबुझ गरी देहायबमोजिम गर्न/गराउन सक्नेछ :-

(क) उजुरी गर्ने पक्षसँग प्रकाशक या सम्पादकलाई मेलमिलाप गराउने, क्षमायाचना गर्न लगाउने, निजको भनाई सञ्चारमाध्यममा प्रकाशित/प्रसारित गर्न निर्देशन दिने । गम्भीर प्रकृतिका उजुरीहरुमा प्रेस इजलास गठन गरी सुनुवाई गर्ने ।

ख) प्रेस काउन्सिलले दिएको निर्देशन, आदेश अवज्ञा गर्ने र व्यावसायिक आचारसंहिता पटकपटक उल्लंघन गर्ने सञ्चारमाध्यम र पत्रकारलाई निजले सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित निकायलाई निर्देशन दिने /सिफारिश गर्ने ।

(३) उपदफा (२) बमोजिम काउन्सिलको निर्णय, निर्देशन पालन नगर्ने छापा तथा बिद्युतीय-माध्यम र त्यसमा संलग्न पत्रकार, बिज्ञापनदाता (कम्पनी वा व्यक्ति), प्रकाशक/सम्पादक/रिपोर्टरसमेत उपर काउन्सिलले खेद प्रकट गरी आदेश, निर्देशन र आचारसंहिता पालना नगरेवापत अवज्ञाकारी भनी सार्वजनिकरुपमा सूचना प्रकाशित गर्ने ।

(४) उपदफा (२) वा (३) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले सम्बन्धित सञ्चारमाध्यम र पत्रकार, सम्पादक र बिज्ञापन व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मौका दिने । इमान्दारीपूर्वक क्षमायाचना गरेमा माफीसमेत दिन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम सफाईको मौका र सुधारको अवसर दिँदा पनि नसच्चिए वा सफाई पेश नगरेमा प्रेस पास रद्द गर्न, वर्गीकरणबाट हटाउन, कुनैपनि सुविधामा रोक लगाउनका साथै सम्बन्धित निकाय वा कार्यालयमा कानुनी कारबाहीका निम्ति लेखी पठाउन सक्नेछ ।

(६) सञ्चारमाध्यममार्फत् गरिने गम्भीर प्रकृतिका अपराध, गालीबेइज्जती, अवहेलनासम्बन्धी उजुरी पर्न आएमा काउन्सिलले सम्बन्धित निकायलाई कारवाही चलाउन दिशानिर्देश गर्न सक्नेछ ।

## परिच्छेद -८

## <u>विविध व्यवस्था</u>

२२. <u>अधिकार प्रत्यायोजन</u> : यस ऐनबमोजिम प्राप्त अधिकार काउन्सिलले नेपाल सरकारबाट मान्यताप्राप्त कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. <u>नेपाल सरकारसँग सम्पर्क</u> : काउन्सिलको नेपाल सरकारसँग सम्पर्क सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत हुनेछ ।

२४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिका लागि प्रेस काउन्सिलद्वारा मस्यौदा तयार गरी नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२५. विनियम र निर्देशिका बनाउने अधिकार : काउन्सिलले आफ्नो कार्य सञ्चालनका लागि यो ऐन र नियमावलीको अधीनमा रही आवश्यक विनियम वा निर्देशिका बनाएर लागू गर्न सक्नेछ ।

२६. खारेजी र बचाऊ : (१) प्रेस काउन्सिल ऐन, २०४८ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित ऐन बमोजिम भए गरेका कामकारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।